श्री

राजस्व न्यायाधिकरण काठमाण्डौ

इजलास

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

फैसला

२०७५/०७६ सालको निर्णय नं. ९६

पुनरावेदन नं. : ०७५-RB-००१८

जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. २४ महावौद्ध काठमाण्डौमा अवस्थित एन्सु इन्टरप्राइजेज स्थाई लेखा नं. ३०४४९१३८६ को तर्फबाट अख्तियार प्राप्त प्रोपाइटर एनिका महर्जन............................................................................. १ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुने.............................................१ } प्रत्यर्थी

**मुद्दा : महसूल निर्धारण ।**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजिर : ×

भन्सार जाँचपास परीक्षण कार्यालयबाट जाँचपास पछिको परिक्षण हुँदा मिति २०७५।१।३१ को निर्णय अनुसार भनी अन्तःशुल्क महसूल तथा मू.अ.कर एवं जरिवाना दाखिला गर्न भएको पत्राचारनुसार भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक एन्सु इन्टरप्राइजेजको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. यस कार्यालयको कार्यक्षेत्र अन्तरगतका पैठारीकर्ता श्री Yansu Enterprises ले मेची भन्सार कार्यालयबाट मिति (सन) २०१६।१२।२१ मा प्र.द.नं. २६४२२ प्रज्ञापन पत्रबाट पैठारी गरेका मालवस्तुहरुको भन्सार जाँचपास पछीको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसंग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनि कार्यालयबाट च.नं. ४५१ मिति २०७३।१०।१४ को पत्रमार्फत पत्राचार गरिएको देखिन्छ

२. उक्त प्रज्ञापन पत्रबाट पैठारी भएका मालवस्तुहरुको लागि यस कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन, छानवीन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारीकर्ताले भन्सार मुल्य न्युन घोषणा गरी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम थप महशुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (३ग) बमोजिम पैठारीकर्तालाई मिति २०७४।१२।०२ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएकोमा उक्त पत्र पैठारीकर्ताले मिति २०७४।१२।१२ मा बुझिलिई सोको जवाफ मिति २०७४।१२।२२ मा पेश गरेको देखिन्छ।

३. पैठारीकर्ताले लिखित जवाफमा कुनै ठोस प्रमाण पेश नगरी केबल Pollar Blanket नभई Pollar तन्ना भएको भन्ने व्यहोराको जिकिर सहितको जवाफ मात्र पेश गरेको पाईएको हुँदा मिति २०७४।१२।०२ मा जारी गरीएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महशुल निर्धारण मनासिव नै भएको पाइयो। अतः प्रस्तुत पैठारीकर्ताले दाखिला गर्नुपर्ने भन्सार महशुल रु. ३३१५०७.५।- तथा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. ३३१५०७.५।- समेत जम्मा रु. ६६३०१५।- मू.अ.कर. रु. ३३०४०२।- तथा सोही ऐनको दफा ३४ को उपदफा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. ३३०४०२।- समेत जम्मा रु. ६६०८०४।- समेत कुल जम्मा रु. १३,२३,८१९।- (अक्षरुपी तेह्र लाख तेइस हजार आठ सय उन्नाइस मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम भन्सार महशुल निर्धारण गर्ने गरी भन्सार जाँचपास परिक्षण कार्यालयको मिति २०७५।१।३१ को निर्णय ।

४. हाम्रो पैठारी भएको सामानको मूल्य ९०.५०।- प्रति पिस भएको भनि विपक्षीबाट Jain Store Rajbiraj ले Polar Blanket Thin भनिएको माल बस्तु प्रति पिस रु २२३।- कारोवार मुल्य घोषणा गरी ड्राइपोर्ट भन्सार कार्यालयबाट पैठारी गरेको भनि आधार लिई हाम्रो Thermal Polar Tanna Ord. प्रति पिस रु ९०.५०।- लाई अमान्य गरी प्रति पिस रु २२३।- कायम

गरी भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम थप कारोवार मूल्य रु. २२,१०,०५०।- को १५ प्रतिशतले हुने भन्सार महसूल रु. ३,३१,५०७.५० र सोहि ऐनको दफा ३४ को उपदफा २ बमोजिम उक्त महसुलको सत प्रतिशत जरिवाना रु. ३,३१,५०७.५० समेत जम्मा ६,६३,०१५।- निर्धारण भएको त्रुटिपूर्ण छ। यस्तै गरी मु.अ.कर. तर्फ रु. ३,३०,४०२।- र जरिवाना रु. ३,३०,४०२।- समेत जम्मा हुने रु. ६,६०,८०४।- निर्धारण भएको त्रुटिपूर्ण छ। यसरी विपक्षीबाट ड्राइपोर्ट भन्सार कार्यालयबाट अन्य फर्मले पैठारी गरेको सामानलाई आधार बनाई हामीबाट पैठारी भएको Thermal Polar Tanna Ord. लाई जवरजस्ती रुपमा Polar Blanket Thin कायम गरी आफू खुसी बस्तु र मुल्य समेत कायम गरी हामी माथि थप महसूल एवं करको भार थोपर्दा ज्यादै अन्याय हुन गएको छ। हाम्रो सामान मिति २०७३।०९।०८ मा Stock Book मा आम्दानी जनाई मिति २०७३।११।२० सम्म सबै विक्री गरिसकेकोमा पन्ध्र महिना पछि आएर पैठारी भएको सामाननै अन्यथा कायम गरी थप दायित्व बोकाउने कार्य कुनैपनि हालतमा न्याय संगत हुँदैन। हाम्रो पैठारी भएको माल बस्तु Thermal Polar Tanna Ord. नै हो र मूल्य प्रतिपिस रु ९०.५० नै भएको र सोहि आधारमा भौतिक परीक्षण समेत गरी मेचि भन्सार कार्यालयबाट जाँचपास समेत भएको व्यहोरा अनुरोध छ। Jain Stores Rajbiraj ले पैठारी गरेको सामान र हाम्रो पैठारी भएको सामान एकै प्रकृतिको नभएको, Polar Blanket र Thin Thermal Polar Tanna Ord. फरक फरक सामान हुँदा त्यसको आधारमा हाम्रो सामानको मूल्य हचुवामा बढाई रु २२३।- प्रति पिस कायम गर्ने विपक्षीको निर्णय हचुवा एवं आधारहिन हुँदा प्रस्तुत निर्णय र निर्धारण बदर गरी हामीलाई थप भन्सार महसुल जरिवाना रु. ६,६३,०१५।- र मु.अ.कर. तर्फ रु ६,६०,८०४ बुझाएको रसिद यसै साथ पेश गरेको छु । न्याय इन्साफ गरी पाउ भन्ने व्यहोराको पुनरावेदन पत्र ।

५. यसमा मुलुकी फौज्दारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।९।९ मा भएको आदेश ।

## ठहर

६. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

७. पुनरावेदक एन्सु इन्टरप्राइजेजको तर्फबाट उपस्थित हुनुभएका विद्धान अधिवक्ता श्री तारादेव जोशीले मेरो कम्पनीले सन् २०१६।१२।२१ मा प्रज्ञापन पत्र नं. २६४२२ मार्फत चिनबाट पैठारी भै आएको सामानको मेची भन्सार कार्यालयमा मालबस्तुको चेकजाँच गरी दस्तुर समेत बुझाई उक्त भन्सार कार्यालयबाट जाँचपास भएको हो । मेरो कम्पनीले Gaoyang Country Rongy Blanket Industry Co.Ltd China बाट Thermal Polar Tanna Ord पैठारी गरेकोलाई Polar Blanket

Thin कायम गरी प्रतिपिस मूल्य ९०.५० पर्नेमा ब्ल्याङकेट भनी प्रतिपिस २२३।– अनुमानका भरमा बस्तु र मूल्य समेत कायम गरी भन्सार महसूल मूल्य अभिवृद्धि कर र सोको शतप्रतिशत जरिवाना समेत रु. १३२३८१९।– थप दाखिला गर्नुपर्ने निर्णय भएको छ । सो निर्णयमा भन्सार मूल्यांकन निर्देशिका अनुसार समरूप हो भन्न सकेको अवस्था पनि छैन । मिल्दोजुल्दो छ भनी अनुमान गरेको पाइन्छ । त्यसै गरी Jain Stores राजविराजले पैठारी गरेको समय हाराहारी मिल्नुपर्ने भनी निर्देशिकामा उल्लेख भए पनि १ महिना भन्दा बढी करिव ४ महिनाको अन्तरालमा पैठारी भएको अवस्था छ । यसरी बस्तुको कार्य प्रकृति समय र मूल्य समेतको आधारमा समान नदेखिएको मालबस्तुलाई समान हो भनी अनुमानको भरमा भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौबाट मिति २०७५।१।३१ मा भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी थप भन्सार महसुल समेत दाखिल गर्नु नपर्ने गरी इन्साफ हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

८. त्यस्तै प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईले पुनरावेदक एन्सु इन्टरप्राइजेजले पैठारी गरेको सामानको Bill of Loading मा Discription of Goods को महलमा Pollar Blanket उल्लेख छ । Jain Stores राजविराजले पैठारी गरेको सामान र करदाताले पैठारी गरेको सामानको उत्पादन गर्ने देश, कम्पनी एउटै भएको बस्तुको तौल समेत समान रहेको अवस्थामा बस्तुको मूल्य कम राखी सामान नै ब्ल्याङकेटलाई तन्ना भनी भन्सार जाँचपास गरेको हुँदा भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौंले थप भन्सार महसूल समेत दाखिल गर्नुपर्ने गरी भएको निर्णय मनासिव हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

९. यसमा पुनरावेदक एन्सु इन्टरप्राइजेजले सन् २०१६।१२।२१ मा प्रज्ञापन पत्र नं. २६४२२ बाट १६६८८ थान Thermal Polar Tanna Ord पैठारीका लागि मेची भन्सार कार्यालयबाट जाँचपास भई कर समेत बुझाई आफ्नो Stock Book मा आम्दानी समेत जनाई सोही नाम Thermal Polar Tanna Ord भनी विभिन्न खरीदकर्ताहरुलाई मूल्य अभिवृद्धि करको विजक जारी गरी विक्री समेत गरी सकेकोमा Gaoyang Country Rongy Blanket Industry Co.Ltd China बाट खरीद भएको हुँदा भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौंबाट पैठारी गरेको सामान तन्ना नभई ब्ल्याङकेट नै रहेको भनी भन्सार महसूल, मूल्य अभिवृद्धिकर र शतप्रतिशत जरिवाना समेत गरी रु. १३२३८१९।– थप राजस्व दाखिला गर्नुपर्ने गरी मिति २०७५।१।३१ मा भएको निर्णयमा चित्त नबुझाई आफूले तन्ना पैठारी गरी सोको कानून बमोजिमको कर समेत भन्सार कार्यालयमा बुझाई सकेको हुँदा पैठारी गरेको सामान तन्ना नभई ब्ल्याङकेट रहेको भनी रु. १३२३८१९।– थप कर दाखिल गर्नुपर्ने गरी भएको आदेश गैरकानूनी त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी थप महसूल दाखिल गर्नु नपर्ने गरी इन्साफ होस भन्ने पुनरावेदन जिकिर सहित पुनरावेदक एन्सु इन्टरप्राइजेजको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

१०. उपरोक्तानुसारको तथ्य पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरुको निर्णय मिलेको छ वा छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने

देखिन आयो ।

११. यसमा पुनरावेदक एन्सु इन्टरप्राइजेजले सन २०१६।१२।२१ मा चीनको Gaoyang Country Rongy Blanket Industry Co.Ltd China बाट पैठारी गरी ल्याएको प्रज्ञापन पत्र नं. २६४२२ बाट मेची भन्सार कार्यालयबाट जाँचपास गराई तन्ना भनी कानून बमोजिम लाग्ने दस्तुर समेत बुझाई भन्सारबाट जाँचपास भएको देखिन्छ । पुनरावेदकले तन्ना भनी भन्सार कार्यालयबाट जाँचपास भएको र आफ्नो Stock Book मा समेत तन्ना भनी आम्दानी जनाई अन्य खरीदकर्ताहरुलाई मूल्य अभिवृद्धि कर विजक समेत जारी गरी विक्री समेत गरी सकेको भन्ने पुनरावेदकले दाखिल गरेको मिसिल संलग्न कागज प्रमाणहरुबाट देखिएको छ । भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने काठमाडौंबाट पुन परिक्षण हुँदा पुनरावेदक कम्पनीले प्रज्ञापन पत्र नं. २६४२२ बाट पैठारी भै आएको सामान तन्ना नभई ब्ल्याङकेट नै रहेको देखिन्छ भनी थप भन्सार महसूल र दस्तुर सहित रु. १३२३८१९।–पुनरावेदक कम्पनीले दाखिल गर्नुपर्ने गरी महसूल निर्धारण भएको देखिन्छ ।

१२. पुनरावेदक कम्पनीले प्रज्ञापन पत्र नं. २६४२२ सन् २०१६।१२।२१ मा चीनबाट पैठारी गरी ल्याएको भन्सार कार्यालयमा तन्ना भनी करदस्तुर समेत बुझाएको र भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने काठमाडौंबाट पुनः परीक्षण हुँदा ब्ल्याङकेट रहेको भनी कर निर्धारण भएको अवस्था हुँदा विवादको विषय तन्ना वा ब्ल्याङकेट के हो भन्ने जिकिरका सम्बन्धमा हेर्दा, पुनरावेदक कम्पनीले पैठारी गरी ल्याउँदा भन्सार जाँचपासको निवेदनमा मालबस्तुको नाम तन्ना नै भनी उल्लेख गरेको पाइन्छ । सामान पैठारी गरी ल्याई आफ्नो Stock Book मा समेत तन्ना नै भनी उल्लेख गरेको र सो पैठारी भई आएको सामान तन्ना नै भनी अन्य ग्राहकहरुलाई विक्री समेत गरी सकेको भनी पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ । भन्सार परीक्षण जाँचपास कार्यालय, तीनकुनेले करदाताले चिनबाट पैठारी गरी ल्याएको प्रज्ञापन पत्र नं. २६४२२ सन् २०१६।१२।२१ र जैन स्टोर्स राजविराजले सोही देश र कम्पनीबाट पैठारी गरी ल्याएको प्रज्ञापन पत्र नं. ८१३ सन् २०१६।८।५ को सामान Similar Goods रहेको तौल समेत मिल्दो जुल्दो देखिएको भनी Polar Blanket Thin र करदाताले पैठारी गरेको Thermal Polar Tanna Ord लाई समान रहेको भनी मूल्य र बस्तु कायम गरेको देखिन्छ । ब्ल्याङकेट र तन्नाको कार्य प्रकृति नै फरक देखिन्छ । जैन स्टोर्स राजविराजले पैठारी गरेको प्रज्ञापन पत्र नं. ८१३ सन् २०१६।८।५ र करदाताले पैठारी गरेको प्रज्ञापन पत्र २६४२२ सन् २०१६।१२।२१ को समय अन्तराल करिव ४ महिनाको देखिएको र भन्सार मूल्यांकन निर्देशिका समेतमा समयको हाराहारी १ महिनाको अन्तराललाई मान्नुपर्ने भनी उल्लेख भएको अवस्था समेतबाट शुरूको निर्णय खण्डित हुन गएको देखिन्छ । Polar Blanket Thin र करदाताले पैठारी गरेको Thermal Polar Tanna Ord को नामाकरण कार्यप्रकृति र विशेषताबाट नै फरक देखिन्छ । बस्तुको मूल्य कायम गर्ने सम्बन्धमा समय, परिमाण र कार्यप्रकृति समेतबाट फरक पर्ने भनी भन्सार मूल्यांकन निर्देशिकामा उललेख भएको र पैठारी भै आएका सामान तन्ना र ब्ल्यांकेटको कार्यप्रकृतिबाट पनि समान देखिदैन । निर्देशिकामा निर्देशित गरेको १ महिनाको समयसँग मेल खाएको अवस्था पनि छैन । दुवै मालबस्तु समरूप र मिल्दा जुल्दा हुन भन्ने पनि नदेखिएको अवस्थामा चीनको विक्री

गर्ने कम्पनी ब्ल्याङ्केट कम्पनी नै रहेको र दुवै सामानको तौल समेत समान देखिन्छ भनीए पनि तौल समान छ भन्ने प्रमाण बिना अनुमान र शंकाको भरमा महसूल निर्धारण भएको देखिन्छ । सबुत प्रमाणको अभावमा अनुमान र शंकाको भरमा थप महसूल लिने गरी विपक्षी कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिदैन । गैर कानूनी रुपमा थप भन्सार महसूल गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको निर्णय मिलेको देखिएन ।

१३. अतः यसमा स्थायी लेखा नं. ३०४४९१३८६ भएका पुनरावेदक करदाता एन्सु इन्टरप्राइजेजका हकमा भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने, काठमाण्डौको मिति २०७५।१।३१ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता एन्सु इन्टरप्राइजेजका हकमा भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने, काठमाण्डौको मिति २०७५।१।३१ को निर्णय मिलेको नदेखिंदा उल्टी हुने ठहरी फैसला भएको हुँदा निजले दाखिल गरेको धरौटी रकम फिर्ता दिनु भनी शुरू कार्यालयमा लेखी पठाइदिनु.....................................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू...............................................................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

**फैसला तयार गर्ने**

शाखा अधिकृतः लेख बहादुर कोइराला

टाइप गर्नेः प्रदिप तिवारी

इति सम्वत् २०७५ साल चैत्र महिना १० गते रोज १ शुभम् ..........................